५ अतिथि, परदेशी, अपरिचित जो तपाईको घरदैलोमा

यस अध्यायका मूल सारा पदहरू: **मर्कूस १२:२०-३१, व्यवस्था १०:१-१९, भजन १४६:५-१०, मत्ती ७:१२, व्यवस्था २७:१९ र याकूब १:२७-२:११।**
यस अध्यायको मूल सार पद: **"यसैकारण तिमीहरूले पनि प्रवासी वा विदेशीहरूलाई प्रेम गर्नुपर्छ, किनकि मिश्रमा तिमीहरू पनि विदेशी वा प्रवासीहरू थियौ" (व्यवस्था १०:१९-२०)।**

एक जना पण्डित आएर येशूलाई सबै आज्ञाहरूमा सबभन्दा ठूलो आज्ञा के हो भनेर सोधेको प्रसङ्ग हामीले अगाडिको अध्यायमा हेर्‍यौं (मर्कूस १२:२८)। त्यसको जवाफमा परमेश्वर एक हुनुहुन्छ भनेर बाइबलको अडानलाई कायम गर्दै येशूले भन्नुभएको थियो, "तिमीले तिम्रा परमेश्वरलाई सारा हृदय वा दिमागले, सारा प्राण वा आत्माले र सारा शक्ति वा बाहुबलले प्रेम गर।" यो नै पहिलो आज्ञा हो'" (मर्कूस १२:३० रूपान्तरित)।

तर येशू त्यत्तिक्कैमा रोक्नुभएन। पण्डितको प्रश्नको एक कदम अगाडि गएर येशूले थप्नुभयो, "दोस्रोचाहिँ यो हो" (मर्कूस १२:३१ रूपान्तिरित)। दोस्रो मूख्य आज्ञा के हो भनेर उक्त पण्डितले सोधेको थिएन। तैपनि त्यसको महत्त्वपूर्ण वा जरुरीलाई ध्यान दिँदै येशूले भन्नुभयोः "दोस्रोचाहिँ यो हो 'तिम्रो छिमेकीलाई तिमी आफैलाई जस्तो प्रेम गर्नु।" यी भन्दा अरू ठूलो आज्ञाहरू अरू छैन'" (मर्कूस १२:३१ रूपान्तरित)।

ती भन्दा अरू कुनै ठूलो *आज्ञा*नै छैन रे? ठूलो आज्ञा भनेर दुवै आज्ञाहरूलाई एउटैमा गाँस्नु भएको थियो। परमेश्वरप्रतिको प्रेम र छिमेकीमा एकआर्कालाई प्रेम गर्नुलाई येशूले एउटै सूत्रमा गाँस्नुभएर त्यो सूत्र नै सबभन्दा महान् आज्ञा भन्नुभएको थियो। अर्को शब्दमा भन्ने हो भने ती दुई आज्ञाहरू

अर्थात परमेश्वरलाई प्रेम गर्नु र मानव जाति एक आपसमा प्रेम गर्नु नै सबै आज्ञा वा विधिहरूभन्दा महान् हो भनेर उहाँले बुझाउन खोज्नुभएको थियो।

तर येशूले कुनै नयाँ कुरा दिनुभएको थिएन वा बाइबलमा थप्नुभएको थिएन जुन पहिले नै थियो। उहाँको त्यो नीति यहूदीहरूले पूस्तौं पुस्तौंसम्म सुनेका थिए। बरू परमेश्वरलाई सर्वोच्चरूपमा प्रेम गर्नु र आफ्ना छिमेकी वा अरूहरूलाई प्रेम गर्नु जुन परमेश्वरका आज्ञाहरू थिए ती व्यवस्थाको पुस्तकबाटै येशूले निकाल्नुभएको थियो।

१. हृदयहरूको खतना गर

परमेश्वरले इस्राएलीहरूसँग बाँध्नुभएको करारको प्रतिवद्धतालाई मूख्यतः व्यवस्था १०मा उल्लेख गरिएको छ जुन व्यवस्था ९को निरन्तरता हो। यस पुस्तकमा भएका प्रायजसो सामग्रीहरू परमेश्वरले बाँध्नुभएको करार वा इस्राएलीहरूसँग गर्नुभएको सम्झौताको नविकरण भएको पाइन्छ। त्यो पनि, होरेबमा गरेका तिनीहरूको भयानक पाप पछि वा केही समय तिनीहरूबाट मोशा गायब भएको बेलामा तिनीहरू मूर्तिपूजाको चङ्गुलमा परेका थिए। त्यसबेला पनि तिनीहरूले परमेश्वरलाई त्यागेर गाई वा बाछछालाई "तिमी नै हाम्रो परमेश्वर हो" भनेर ढोग्दै वा पूजा गर्दै उहाँलाई त्यागेतापछि पनि उहाँले तिनीहरूलाई त्याग्नुभएको थिएन। तिनीहरूबाट गरिने परमेश्वरको लक्ष्य पूरा भएको थिएन।

व्यवस्था १०:१-११ पढ्नुहोस्। इस्राएलीहरूले गरेका घोर अपराध वा पाप गरेर परमेश्वरलाई नै गाई जस्तो पशुमा झार्न खोजेतापनि उहाँले तिनीहरूलाई सदाशयता देखाएर क्षमा दिनुभएको थियो। त्यतिमात्र नभएर तिनीहरूका पूर्खाहरूलाई बाँधेको करार तिनीहरूसँग नविकरण गर्नुभएको थियो। हेर्नुहोस्, "१ त्यस बेला परमप्रभुले मलाई भन्नुभयो, "पहिलेका जस्तै दुङ्गाका दुई वटा पाटी काट्, र पर्वतमा उक्लेर मकहाँ आइज। अनि एउटा काठको सन्दूक पनि बना। २ तिमीले फुटाएका पहिलेका पाटीमा भएका वचनहरू म यी पाटीमा लेखिदिनेछु, अनि ती तिमीले सन्दूकमा राख्नुपर्छ।" ३ मैले बबुल काठको सन्दूक बनाएँ, अनि पहिलेका जस्तै दुई वटा शिला-पाटी काटें, र आफ्ना हातमा ती दुई पाटी लिएर पर्वतमा उक्लें। ४ अनि परमप्रभुले सभाको दिनमा पर्वतमा अग्निको बीचबाट तिमीहरूलाई दिनुभएका दश आज्ञा पहिलेझैं ती पाटीमा लेखेर परमप्रभुले मलाई दिनुभयो। ५ त्यसपछि म पर्वतबाट ओर्लेर आएँ, र परमप्रभुले मलाई आज्ञा गर्नुभएझैं मैले बनाएको यस सन्दूकमा ती पाटीहरू राखें, र ती

अहिले त्यसमा छन्। ६ (इस्राएलीहरू याकानीहरूका इनारहरूबाट हिँड़ेर मोसेरामा आए। त्यहाँ हारून मरे, र गाड़िए। अनि तिनका छोरा एलाजारले तिनको स्थानमा पूजाहारीको काम गर्न लागे। ७ त्यहाँबाट इस्राएलीहरू गुदगुदासम्म हिँड़े, अनि गुदगुदाबाट खोलाहरू भएको योतबातामा आए। ८ आजसम्म चलिआएझैं परमप्रभुका करारको सन्दूक बोक्न, परमप्रभुको सामु खड़ा भएर उहाँको सेवा गर्न र उहाँको नाउँमा आशिष् दिन त्यस बेला परमप्रभुले लेवीको कुललाई अलग गर्नुभयो। ९ यसैकारण लेवीहरूलाई आफ्ना दाजुभाइहरूसँग कुनै हिस्सा कि उत्तराधिकार छैन। परमप्रभु तिमीहरूका परमेश्वरले तिनीहरूलाई भन्नुभएझैं परमप्रभु नै तिनीहरूका निज अधिकार हुनुहुन्छ।) १० पहिलेझैं म पर्वतमा चालीस दिन र चालीस रात बसें। यस पल्ट पनि परमप्रभुले मेरो बिन्ती सुन्नुभयो। उहाँले तिमीहरूलाई नाश गर्न चाहनुभएन। ११ अनि परमप्रभुले मलाई भन्नुभयो, "उठ्, मानिसहरूलाई नेतृत्व गर्, र मैले तिनीहरूका पुर्खाहरूसित प्रतिज्ञा गरेर दिन्छु भनेको देशमा पसी तिनीहरूले त्यो अधिकार गरून्।"

इस्राएलीहरूले यति छिट्टै परमेश्वरसँग गरिएको करार तोडेकोमा (व्यवस्था ३२:१९) रिसले चुरभएको मोशाले आफ्नो हातमा बोकेको दश आज्ञाको पाटी जमिनमा फ्याँकेर टुक्रा टुक्रा पारेका थिए (व्यवस्था ९:१७)। "तिनीहरूको अपराधप्रति घोर आपत्ती जनाउँदै मोशाले ढुङ्गाका दुई पाटीहरू फ्याँकिदिएका थिए। सबै मानिसहरूको सामु ती शिलापाटीहरू टुक्राटुक्रा भएका थिए। तिनीहरूले परमेश्वरसँग गरिएको करार तोडेकोमा परमेश्वरले पनि तिनीहरूसँगको करार तोड्नुभएको थियो भनेर मोशाले उक्त कामद्वारा देखाइएका थिए।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* ३२०बाट रूपान्तरित।

तर, पछि गएर मोशालाई पहिलेको जस्तो पाटी बनाउ ताकि उहाँले पहिला लेख्नुभएको आज्ञाहरू फेरि लेखिदिने वचन परमेश्वरले दिनुहुँदा उहाँले तिनीहरूलाई क्षमा दिनुभयो भनेर देखाउनुभएको थियो। त्यस्तो घुणास्पद काम ती इस्राएलीहरूले गरेतापनि परमेश्वरले आफ्नो सदाशयता देखाउनुहुँदा तिनीहरूसँगको काम सिद्धिएको छैन भनेर उहाँले देखाउनुभएको थियो।

व्यवस्था १०:१४-१६ पढ्नुहोस्। परमेश्वरले तिनीहरूलाई के भन्दै हुनहुन्छ? त्यहाँ उल्लेख गरिएक प्रतिकहरू वा चित्रणहरूको अर्थ के हो? हेर्नुहोस्, "१४ आकाशहरू, सर्वोच्च आकाशमण्डलहरू, र पृथ्वी र त्यसमा भएका जे-जति छन्, ती सबै परमप्रभु तिमीहरूका परमेश्वरकै हुन्। १५ तापनि

तिमीहरूका पिता-पुर्खामा नै आफ्नो प्यार खन्याई परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुभयो, र आज तिमीहरूले देखेझैं तिनीहरूका सन्तान तिमीहरूलाई नै सबै जातिहरूका माझबाट उहाँले चुन्नुभयो। १६ यसकारण अब आफ्ना हृदयको खतना गर, र अबदेखि उसो हठी नहोओ।" अङ्ग्रेजी बाइबलमा यसरी लेखिएको छ "*Behold, the heaven and the heaven of heavens is the LORD'S thy God, the earth also, with all that therein is. 15 Only the LORD had a delight in thy fathers to love them, and he chose their seed after them, even you above all people, as it is this day. 16 Circumcise therefore the foreskin of your heart, and be no more stiff-necked. "*

पछिल्लो तीन शब्दहरू फोस्र्किन, हर्ट र स्टिफनेकेड अर्थान् लिङ्गको टुप्पो ढाक्ने छालाको पत्र, हृदय र गर्दन उल्लेख गरिएको छ। नेपाली अनुवादमा "हृदयको खतना गर, र अबदेखि उसो हठी" भनेर उल्लेख गरिएको छ। यहाँ भन्न खोजेको तात्पर्य स्पष्ट छ। खतनाद्वारा परमेश्वरसँग करार बाँधिएको थियो भनेर देखाएको थियो। तर त्यो केवल बाहिरि चिन्ह वा प्रतिकमात्र थियो। तर तिनीहरूका हृदयहरूमा वा तिनीहरूको दिमागमा, तिनीहरूको स्नेह वा मनोभावमा र तिनीहरूको प्रेममा खतना गर्नुपर्छ भन्ने परमेश्वरको चाहना थियो। स्टिफनेकेद वा गर्दन थाडो भएको चित्रणले परमेश्वरको वचन अनुसार नचल्न तिनीहरू हठी भएको देखाइएको थियो। मूख्यतः यहाँ र अन्त पनि परमेश्वरले भन्दै हुनुहुन्छ कि तिनीहरू दुई मन हुनुबाट रोक र परमेश्वरलाई तिनीहरूको सारा हृदय र आत्मा वा प्राणले सेवा गर। तिनीहरूको विश्वासमा एकचित्त होउन्, परमेश्वरलाई पनि मान्ने मूर्तिपुजा पनि गर्ने खालको मनस्थिति परमेश्वरलाई मान्य नभएको त्यस मोशाको दश आज्ञाको पाटी तोडेको कामले देखाएको थियो।

तपाईंले कतिपल्ट पाप गर्नुभयो तर परमेश्वरले तपाईंलाई क्षमा दिनुभएको समयहरू सोच्नुहोस्। परमेश्वरको अनुग्रह र सदाशयताको बारेमा तपाईंलाई के भन्छ?

२. विदेशी, पाहुना वा अपरिचितलाई प्रेम गर्नु

विभिन्न अर्तिहरूको बीचमा मोशाले यो घोषणा गर्दछन्: "आकाशहरू, सर्वोच्च आकाशमण्डलहरू, र पृथ्वी र त्यसमा भएका जे-जति छन्, ती सबै परमप्रभु तिमीहरूका परमेश्वरकै हुन्" (व्यवस्था १०:१४)। अर्तिहरू, आदेशहरू र चेतावनीहरू सुनाउँदै गरेको बीचमा मोशा भावविभोर भएर परमेश्वरको महानता र सार्बभौमसत्ताको प्रशंसा गर्दै उपरोक्त भावना व्यक्त

गर्दछन्। यही धारणा बाइबलमा अन्त पनि व्यक्त गरिएको छ, जस्तै भजन २४:१ "पृथ्वी र त्यसमा भएका जो-जति छन् सबै परमप्रभुका हुन्, संसार र त्यसमा वास गर्नेहरू सबै उहाँकै हुन्।"

व्यवस्था १०:१७-१९ पढ्नुहोस्। परमेश्वरको बारेमा मोशाले अरू के के कुराहरूको घोषणा गर्दछन्? अझ भन्नुपर्दा, त्यस घोषणाको नतिजाले आफ्ना जनहरूलाई परमेश्वरले के आदेश दिनुहुन्छ? "परमप्रभु तिमीहरूका परमेश्वर नै ईश्वरहरूका परमेश्वर र प्रभुहरूका परमप्रभु, महान् परमेश्वर, शक्तिशाली र भययोग्य हुनुहुन्छ। उहाँले कसैको पक्षपात गर्नुहुन्न, र उहाँले कहिल्यै घूस लिनुहुन्न।"

सारा जगत, स्वर्ग र पृथ्वीको अधिपति केवल यहेमात्र हुनुहुन्छ। उहाँ "देवहरूका परमेश्वर र प्रभु, स्वामी वा शासकहरूका परमप्रभु हुनुहुन्छ" (व्यवस्था १०:१७)। त्यसको अर्थ अरू देवीदेवताहरू छन् वा सानोतिनो भगवानहरू छन् भन्न खोजेको होइन। (यद्यपि, आदम र हव्वालाई तिमीहरू "भगवान वा देवताहरू हुनेछौ" भनेर सर्पले सुनाएको बमोजिम र विभिन्न धर्म वा दर्शन अनुसार कतिपय मानिसहरूलाई भगवान भनेर पूजा पनि गर्छन् भने नेपालको नेवारी समाजमा आफूले आफैलाई भगवान भनि पूजा गर्ने चलन म्हपूजा वा आफ्नै जिउलाई पूजा गर्ने चलन छ। परमेश्वर देवहरूको पनि परमेश्वर भनेर सम्बोधन गर्दा भगवान कहलाउने सबै मानिसहरू पनि प्रभु हो भनेर बुझाउन खोजेको मान्नुपर्दछ-अनुवाद)। इस्राएलीहरूका वरिपरि रहेका राष्ट्रमा मानिसहरूले अनगिन्तियौं देवीदेवताहरू मान्दथे। तर त्यस पदमा उहाँ केवल अरू देवताहरूभन्दा ठूलो भन्न नखोजेको भइ उहाँमात्र परमप्रभु परमेश्वर हुनुहुन्छ भनेर उहाँको बारेमा चर्चा गरिएको हो। व्यवस्था ३२:२९मा परमेश्वर आफैले यसरी घोषणा गर्नुहुन्छ, "अब हेर, म उही हुँ, मबाहेक अरू कोही ईश्वर छैन। म नै मार्दछु, र म नै जीवित पार्दछु। म नै चोट लाउँछु, र म नै निको पार्छु, र कसैले मेरो हातबाट छुटाउन सक्दैन।" चाहे वास्तविक वा काल्पनिक होस् वा चाहे स्वर्गमा होस् वा पृथ्वीमा होस् उहाँ सबै शक्तिहरूभन्दा सर्वोच्च शक्ति र अधिकार भएको परमेश्वर हुनुहुन्छ भनेर उहाँले अडान लिनुहुन्छ।

फेरि त्यस पदले यो पनि भन्दछ, "उहाँ महान् परमेश्वर र भयोयोग्य हुनुहुन्छ, **उहाँले कसैको पक्षपात गर्नुहुन्न, र उहाँले कहिल्यै घूस लिनुहुन्न।" ती सबै** परमेश्वरको बारेमा व्यक्त गरिएको उच्च विचार वा सन्देशको भाग

हुन्: यहे तिमीहरूको परमेश्वर हो, तिमीहरू उहाँका जनहरू भएको हैशियतले तिमीहरूले उहाँको आज्ञा पालन गर्नुपर्छ।

परमेश्वर महान् हुनुभएतापनि, मानिसहरूसँगको सम्बन्धमा उहाँ अरू राष्ट्रले मानिआएका देवीदेवताहरूभन्दा फरक स्वभाव भएको भनेर यहाँ उल्लेख गरिएको छ। हो, यहे देवताहरूको परमेश्वर र प्रभुहरूका महाप्रभु, सर्वोच्च शासक र सबै सृष्टिको सँभारकर्ता (कल्लसी १:१६,१७) तर उहाँले टुहुरा, विधवा र विदेशी, परदेशी वा इस्राएली जनहरूभन्दा बाहिरका जनहरूको पनि वास्ता गर्नुहुन्छ। तिनीहरूको भौतिक आवश्यकताहरू पूरा गरेर उहाँले सेवा गर्नुहुन्छ र तिनीहरूलाई वास्ता गर्नुहुन्छ। जाबो चरा जमिनमा खस्दा पनि उहाँ त्यसप्रति संवेदनशील हुनुहुन्छ (मत्ती १०:२९)। त्यस परमेश्वरलाई समाजको पिछिडिएको, गरिब, हेपिएका मानिसहरूप्रति पनि उहाँ संवेदनशील हुनुहुन्छ वा तिनीहरूको बारेमा थाहा छ। अझ स्पष्टरूपमा परमेश्वरले उहाँका जनहरूलाई यो भनिरहनुभएको हामीले आभास् पाउनु जरुरी छः *हो, तिमीहरू मेरा चुनिएका जनहरू हौ, मेरो नजरमा तिमीहरू विशेष छौ, र म तिमीहरूलाई प्रेम गर्छु, तर अरूहरूलाई पनि म प्रेम गर्छु। तिनीहरूको बीचमा भएका विदेशी, परदेशी वा तिमीहरूको जातभन्दा बाहिरका, असहाय र गरिबहरूलाई पनि त्यत्तिक्कै माया गर्छु। जसरी म तिनीहरूलाई माया गर्छु तिमीहरूले पनि तिनीहरूलाई माया गर्नुपर्छ। मसँग करार बाँधिएको जिम्मेवारीमा त्यो पनि एक हो र त्यसलाई पनि महत्त्वपूर्ण मान्नु जरुरी छ।*

भजन १४६:५-१० पढ्नुहोस्। परमेश्वरले के भनिरहनुभएको छ त्यस भजनले कसरी प्रतिबिम्बित गरेको छ? फेरि हामी येशूभक्त हौं भनेर दावी गर्नेहरूको निम्ति त्यसको अर्थ के छ? हेर्नुहोस्, "५ त्यो मानिस धन्यको हो, जसको सहायता याकूबका परमेश्वरमा छ, जसको आशा परमप्रभु त्यसका परमेश्वरमा हुन्छ। ६ उहाँ स्वर्ग र पृथ्वी, समुद्र र त्यसमा भएका यावत् थोकका सृष्टिकर्ता हुनुहुन्छ।
परमप्रभु सदाकालको निम्ति विश्वासयोग्य रहनुहुन्छ। ७ उहाँले अत्याचारमा परेकाहरूका पक्षमा न्याय दिनुहुन्छ, र भोकाहरूलाई भोजन दिनुहुन्छ। परमप्रभुले कैदीहरूलाई मुक्त गरिदिनुहुन्छ। ८ परमप्रभुले अन्धाहरूका आँखा खोलिदिनुहुन्छ।परमप्रभुले दबिएकाहरूलाई उठाउनुहुन्छ। परमप्रभुले धर्मीजनलाई प्रेम गर्नुहुन्छ। ९ विदेशीहरूलाई परमप्रभुले रक्षा गर्नुहुन्छ! अनाथ र विधवालाई उहाँले सँभाल्नुहुन्छ, तर दुष्टहरूका युक्तिहरू उहाँले विफल

पार्नुहुन्छ। १० परमप्रभुले सदासर्वदा राज्य गर्नुहुनेछ, ए सियोन, तिम्रा परमेश्वरले पुस्तौं-पुस्तौंसम्म राज्य गर्नुहुनेछ।
हल्लेलूयाह!"

३. तिमीहरू मिश्रदेशमा परदेशीहरू थियौ

"त्यसकारण परदेशी, विदेशी वा अन्यजातिलाई प्रेम गर किनभने तिमीहरू पनि मिश्र देशमा परदेशी थियौ (व्यवस्था १०:१९ रूपान्तरित)। पौराणिक इस्राएललाई परमेश्वरले के सन्देश दिनुभएको छ? त्यस पदबाट हामीले पनि के सन्देश लिन सक्छौं?

शताब्दीयौं पहिले प्रभुले अब्रामलाई भन्नुभएको थियोः "तब परमप्रभुले अब्रामलाई भन्नुभयो, "यो निश्चय जानिराख्, कि तिम्रा सन्तानहरू कुनै एउटा देशमा प्रवासी भएर बस्नेछन्, जुन देश तिनीहरूको होइन, र त्यस देशका मानिसहरूका कमारा-कमारी हुनेछन्, र चार सय वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन्" (उत्पत्ति १५:१३, यही सन्दर्भमा हेर्नुहोस्ः उत्पत्ति १७:८, प्रेरित १३:१७)। यो दासत्वको भविष्यवाणी मिश्रदेशमा इस्राएलीहरू हुँदा पूरा भएको थियो। प्रस्थान १५:१३ १४:१३मा तिनीहरूलाई नाटकिय तरिकाले मिश्रदेशबाट उद्धार गरिएको विवरण लेखिएको छ। त्यो घट्ना ऐतिहासिक र वास्तविक भएतापनि त्यो पछि आउने घट्नाको चिन्ह, प्रतिक वा नक्कल थियो जुन येशू खीष्टद्वारा हामीले पाइने उद्धार र मुक्ति सक्कलको रूपमा पूरा भएको थियो। तिनीहरू कहाँ थिए र तिनीहरू को भएका थिए अर्थात् बिरानो देशमा तिनीहरू परदेशी, अन्य जाति वा विदेशी र प्रवाशी भएर बसेको तिनीहरूको इतिहासलाई नबिर्सियोस् भन्ने परमेश्वरको चाहना थियो।

अर्को वा वास्तविक सन्दर्भमा भन्ने हो भनेः समाजमा तपाईं जो भएतापनि जहाँ हुनुभएतापनि, जतिसुकै पिछडिएतापनि, हेपिएतापनि, कुजात वा विदेशीधर्म लिने भनेर लाञ्छना लगाएतापनि (मोबाइलचाहिँ विदेशी होइन रे!-अनुवादकको प्रतिक्रिया), दास, नोकर, ज्यामी वा दैनिक ज्यालादारी काम गरेर खाने श्रमवर्ग, शोषित, दुर्व्यवहारमा परेको वा तपाईंभन्दा ठूला र बलिया शासक, अगुवा आदिको थिचोमिचोमा परेतापनि तपाईं परमेश्वरको नजरबाट टाढा हुनुहुन्न। तपाईंको व्यक्तिगत पीडामा परमेश्वर तपाईंसँग हुनुहुन्छ जसरी येशू क्रुसमा टाँगिनुहुँदा पिता परमेश्वर उहाँसँग हुनुहुन्थ्यो। इस्राएलीहरू परमेश्वरले चुन्नुभएका पूजाहारी जाति (प्रस्थान १९:६ केवल लेबीहरूमात्र होइन) भएतापनि र तिनीहरू र विशेष गरेर धार्मिक आस्थामा तिनीहरूसँग

रहेका परदेशी वा अन्यजातिभन्दा फरक भएतापनि जब सक्कली मानव अधिकारको कुरा गर्ने हो भने तिनीहरूले सबैलाई समान व्यवहार गर्न परमेश्वरले अपेक्षा गर्नुहुन्छ। चाहे बिदेशी होस् वा परदेशी होस्, चाहे प्रवासी होस् वा छिमेकी होस्, चाहे विधुवा होस् वा टुहुरा र गरिब वर्ग होस्, तिनीहरू सबैलाई समान र न्यायोचित व्यवहार गर्नुपर्दछ जसरी इस्राएलीहरूले पनि आफूहरूलाई त्यस्तै व्यवहार गरियोस् भन्ने परमेश्वरको चाहेका थियो।

मत्ती ७:१२ पढ्नुहोस्। समस्तरूपमा भन्नु पर्दा इस्राएलीहरूको बीचमा रहेका कमजोर वर्गप्रति कस्तो व्यवहार गर्ने भनेर प्रभुले पौराणिक इस्राएललाई भनिरहनुभएको थियो र हामीलाई पनि? "मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षाको सारांश हो।"

इस्राएल वा येशूभक्तहरूलाई दिइएको यो उपदेश वा नसिहत पौराणिक संसारमा (र कतिपय अवस्थामा अहिलेको संसारमा पनि) **चलनचल्ती वा स्वभाविक** मनस्थिति थिएन र अहिलेको कतिपय समाजमा त्यो लागु नभएको धेरैले अनुभव गरेका थिए र गरिरहेको पनि छ। किनभने कतिपय गरिब, श्रमजीवी, आफूभन्दा तल्लो स्तरको जात भनेर मानिसहरूलाई पन्छाउने र अझ पानी पनि नचल्ने भनेर हेप्ने प्रवृत्ति भएका मानिसहरूलाई पशुभन्दा पनि निच र दमन व्यवहार गरिएको थियो र छ पनि। यो परमेश्वरको प्रेमले नपोतेको सांसारिक मानिसहरूको स्वभाव हो।

तर पौराणिक इस्राएलीहरू होस् वा येशूलाई ग्रहण गरेर नयाँ इस्राएलीहरू होस् तिनीहरू सांसारिक मानिसहरूभन्दा भिन्न हुनुपर्ने परमेश्वरको चाहना हो। तिनीहरू सारा राष्ट्रहरूको निम्ति उज्यालो ज्योति हुन बोलाइएको हो। अरूहरूभन्दा तिनीहरू फरक छन् भनेर यसरी देखाउन सक्छन् र सकेका थिएः तिनीहरूले कसको आराधना गरिरहेका थिए र छन्, कसरी आराधना गरेका थिए र छन् र तिनीहरूलाई दिइएको परमेश्वरको बारेमा सत्य प्रणालीलाई तिनीहरूले के गरेका थिए र गरिरहेकाछन्। यद्यपि समाजका पिछडिएका वर्गहरूलाई तिनीहरूले कसरी व्यवहार गरेका थिए र गर्छन् यसले नै संसारको सामु तिनीहरूको परमेश्वरको बारेमा ठूलो गवाही भएका थिए र छन् पनि। तिनीहरूको अस्तित्व वा तिनीहरू अरूहरूभन्दा अलग भएको देखाउनुको लक्ष्य नै सारा संसारलाई तिनीहरूको परमेश्वरको बारेमा मुखलेमात्र होइन जीवनशैलीबाट गवाही दिनु हो।

४. ठिक-ठिक वा उचित नियतले न्याय गर

परमेश्वरका भक्त भएको हैशियतले उहाँको चरित्र वा स्वभावलाई प्रतिबिम्ब गर्न हामीलाई आह्वान गरिएको छ। इसाई हुँ भनेर मुखले दावी गर्ने तर व्यवहारले नदेखाउने इसाईहरूप्रति पावलले आफ्नो पीडा यसरी व्यक्त गर्दछन्, "मेरा साना बालकहरू हो, खीष्टको आकार तिमीहरूमा नबनेसम्म म त प्रसब बेदनामा छु" (गलाती ४:१९ रूपान्तरित)। सुरुमा हामीलाई परमेश्वरको स्वरूमा सृष्टि गरिएको थियो (उत्पत्ति १:२७) जुन स्वरूप पापले गर्दा पछि क्षतविक्षत भएको थियो। र हामीले यो पनि पढ्यौं जब मोशाले परमेश्वरको शक्ति र राजकीय महिमाको बारेमा चर्चा गर्दा परमेश्वरले घुस लिनुहुन्न अर्थात् पापीले पापमा नै रहेर धेरै धनसम्पत्ति धर्मको नाउँमा चर्चलाई दिएर चोखो हुने नियत र उहाँले कमजोर र समाजका पिछडिएको र कुजात भनेर बहिष्कारको मारमा पर्नेहरूप्रति उहाँ संवेदनशील हुनुहुन्छ भनेर उहाँको वर्णन गरेका थिए। यदि परमेश्वरको चरित्र त्यो छ भने त्यो चरित्र हामीले पनि प्रतिबिम्बित गर्नुपर्छ भन्ने परमेश्वरको माग हो।

व्यवस्थाको पुस्तकमा रहेका देहायका पदहरू पढ्नुहोस्। ती सबैमा साझा विषयबस्तु के छ?

व्यवस्था १:१६ "त्यस बेला मैले तिमीहरूका न्यायकर्ताहरूलाई यसो भनेर आज्ञा गरेको थिएँः "तिमीहरूका भाइहरूका बीच भएका झगड़ा सुन र ठिक-ठिक न्याय गर, चाहे त्यो झगड़ा इस्राएली भाइहरूको होस् अथवा तिनीहरूमध्ये एक जना र एउटा विदेशीको बीचमा होस्।", व्यवस्था १६:१९,२० " १९ न्याय भ्रष्ट नगर, पक्षपात नगर। घूस नलेओ, किनकि घूसखोरीले समझदारका आँखा बन्द गरिदिन्छ र धर्मी जनको वचन बङ्ग्याइदिन्छ। २० न्यायलाई पछ्याओ, न्यायलाई मात्र, ताकि परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने देश अधिकार गरेर तिमीहरू जीवित रहन सक।", व्यवस्था २४:१७ "परदेशी र टुहुरा-टुहुरीको न्याय दमन नगर। कुनै विधवाको ओढ्ने धितोमा नलेओ।" र व्यवस्था २७:१९ "परदेशी, टुहुरा-टुहुरी र विधवाले पाउनुपर्ने न्याय नदिने मानिस श्रापित होस्।" तब सबै जनाले भनून्, "आमेन।"

मानवीय न्यायलयमा कमजोरी, गरिब, पिछडिएका, कुजात भनेर पन्छाइएका जस्ता मानिसहरूले न्याय पाउनु भनेको उखान जस्तो हो। प्रायजसो सबै मानवीय अदालतमा न्याय पाउन पैसा, शक्ति र पहुँच वा चिनजानको चलखेल हुन्छ। यस मामिलामा देश, युग, सभ्यता, समाज, संस्कृतिमा कोही पनि अलग छैन, अझ भन्ने हो भने जुनसुकै देशको संविधान

वा मुलुकी ऐनमा न्याय र समानताका नीतिहरू कोरिएतापनि वास्तविक तितो सत्य त कायमै छः गरिब, कमजोरी, पिछडिएका, कुजात भनेर हेपिएका मानिसहरूले पैसावाल वा शक्तिवाल वा पहुँचवालहरूले जस्तोले न्याय पाउँदैन।

त्यसैकारण पतित मानिसको भन्दा फरक स्वभाव भएको परमेश्वरले माथिका पदहरूमा के भनिएको छ सो उल्लेखनीय छ। अरू जहाँ जसले अन्याय, अत्याचार, घुसखोरी, भनसुनको प्रभावमा न्याय गरेतापनि इस्राएलीहरूको बीचमा त्यो अनुचित संस्कार हुनुहुँदैन। यदि तिनीहरू परमेश्वरका जनहरू हौं भनेर दाबी गर्छन् भने तिनीहरूले संसारमा परमेश्वरको चरित्रको प्रतिनिधित्व गर्नैपर्छ। अहिलेको कानुनमा कोरिएको कथन अनुसार जुन "कानुनको सामु सबै जनाले समान न्याय पाउँछ" भन्ने अवधारणा पौराणिक इस्राएलमा भएको परमेश्वरको चाहना थियो। (कतिपय इसाईहरूले पनि यो त पुरानो करारको नीति हो भनेर त्यसलाई पन्छाउँदैन भन्न सकिन्दैन-अनुवादकको कटाक्ष)। परमेश्वरको यो सल्लाह होइन तर आदेश हो, "जसरी म तिमीहरूको परमेश्वर पवित्र छु त्यसरी तिमीहरू पनि पवित्र होऊ" (लेबी १९:२ रूपान्तरित)। हो, ती इस्राएलीहरूलाई सत्य परमेश्वर को हो सो थाहा थियो र तिनीहरूले सत्य तरिकाले कसरी आराधना गर्ने सो थाहा थियो र तिनीहरूलाई भनेको अनुसार ठिक भेटीहरू ल्याएका थिए। ती सबै ठिकै छ। तर यदि तिनीहरूले कमजोर र गरिबहरूलाई दुर्व्यवहार गरियो भने ती सबै धार्मिक क्रियाकलापको औचित्य के छ र? इस्राएलमै भइरहेको शोषण, गरिब र कमजोरहरूप्रति गरेको अन्याय र आवश्यकता पर्नेहरूबाट आँखा चिम्लिने स्वभावप्रति परमेश्वरको आक्रोस अगमवक्ता तथा बाइबलका लेखकहरूद्वारा उहाँले बारम्बार व्यक्त गर्नुभएको थियो। तपाईं कसरी "पवित्र" हुन सक्नु हुन्छ र त्यसैवखत अरूप्रति दुर्व्यवहार गर्नुहुन्छ? तपाईंले धर्मको नाउँमा जतिसुकै कठ्ठर भएर नियमहरू वा विधिहरू पालन गर्नुभयो तर अरूहरूलाई कुनै कारोबारमा शोषण गर्नुभयो वा अन्याय गर्नुभयो तपाईं पवित्र नठरिएको बाइबलले जिकिर गर्दछ।

देहायका पदहरू पढ्नुहोस्। पौराणिक इस्राएलमा परमेश्वरले दिनुभएको चेतावनीलाई ती अगमवक्ताहरूले कसरी व्यक्त गरेका थिए? के त्यहाँ व्यक्त गरेका वचनहरू पुरानो करारको भनेर पन्छाउने कि हामी ती वचनहरूबाट हामीले सिक्ने अर्थात् के ती वचनहरू केवल पौराणिक इस्राएलहरूको निम्तिमात्रै हो कि हामीलाई पनि? हेर्नुहोस्, आमोस २:६,७ " ६ परमप्रभु यसो भन्नुहुन्छः "इस्राएलका तीन पापहरू अथवा चारै वटा पापहरूका

कारण म मेरो क्रोध हटाउनेछैनँ। तिनीहरूले धर्मात्माहरूलाई चाँदीमा र दरिद्रहरूलाई एक जोर जुत्तामा बेच्छन्। ७ तिनीहरू गरीबहरूका टाउकामाथि भूमिको धूलोमा गरेझैं कुल्चन्छन्, र पीडितहरूको न्यायलाई नामन्जूर गर्दछन्। बाबु र छोरो एउटै तरुणीकहाँ गएर मेरो पवित्र नाउँ बिटुलो पार्छन्।", आमोस ४:१-३ " १ हे सामरिया डाँड़ामा बस्ने बाशानका गाई हो, तिमी स्त्रीहरू, जो गरीबहरूलाई थिचोमिचो गर्दछौ, र दरिद्रहरूलाई पेल्दछौ, र आफ्ना लोग्नेहरूलाई भन्दछौ, "हामीहरूलाई केही पिउनलाई ल्याइदिनुहोस्।" तिमीहरू यो वचन सुन। २ परमप्रभु परमेश्वरले आफ्नो पवित्रताद्वारा यो शपथ खानुभएको छ, "हेर, समय निश्चय नै आउनेछ, जब तिमीहरूलाई अंकुसेले र तिमीहरूका बाँकी रहेकाहरूलाई बल्छीले समातेर लगिनेछन्। ३ तिमीहरू हरेक जना पर्खालका धाँदाहरूका बीचबाट भएर सोझै जानेछौ, र तिमीहरू हर्मोनतिर फ्याँकिनेछौ," परमप्रभु भन्नुहुन्छ।", आमोस ५:११-१५ " ११ तिमीहरू कङ्गालीलाई कुल्चन्छौ, र अन्न दिन तिनीहरूलाई करकाप गर्दछौ। यसैकारण ढुङ्गाका ठूला-ठूला घरहरू तिमीहरूले बनाए तापनि तिमीहरू तिनमा बस्नेछैनौ। तिमीहरूले लहलहाउँदो दाखबारी लगाए तापनि तिमीहरूले तिनका दाखमद्य पिउनेछैनौ। १२ किनकि म जान्दछु, तिमीहरूका दोषहरू कति धेरै छन्, र तिमीहरूका पाप कति ठूला छन्। तिमीहरू धर्मात्माहरूलाई सताउँदछौ र घूस लिन्छौ। न्यायालयमा गरीबहरूलाई न्यायदेखि वञ्चित गर्छौं। १३ यसैकारण बुद्धिमान् मानिस यस्तो समयमा चूप लागिरहन्छ, किनकि समय खराब छ। १४ भलाइको खोजी गर, खराबीको होइन, र तिमीहरू बाँचिरहो। तब तिमीहरूले भनेझैं सर्वशक्तिमान् परमप्रभु परमेश्वर तिमीहरूसँग रहनुहुनेछ। १५ खराबीलाई घृणा, भलाइलाई प्रेम गर। न्यायालयमा न्याय कायम राख। शायद सर्वशक्तिमान् परमप्रभु परमेश्वरले योसेफका बाँचेकाहरूमाथि कृपा गर्नुहुनेछ।", यशैया ३:१३-१५ " १३ परमप्रभु न्यायालयमा आफ्नो स्थान लिनुहुन्छ, आफ्नो प्रजाको इन्साफ गर्नलाई उहाँ उठ्नुहुन्छ। १४ आफ्ना प्रजाका धर्म-गुरुहरू र शासकहरूका विरुद्धमा परमप्रभुले न्याय गर्नुहुन्छ। "मेरो दाखबारी नष्ट पार्ने तिमीहरू नै हौ। गरीबहरूलाई लुटेका माल तिमीहरूकै घरमा छन्। १५ तिमीहरूले मेरा प्रजालाई दबाएको र गरीबहरूका अनुहारलाई पिँधेको मतलब के हो?" प्रभु, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।", यशैया १०:१-३ " १ धिक्कार तिनीहरूलाई, जसले अन्यायी व्यवस्था बनाउँछन्, तिनीहरूलाई जसले अत्याचारी विधि निकाल्छन्। २ गरीबहरूका हक खोस्न र थिचोमिचोमा परेका मेरा प्रजाहरूका न्याय नगर्न, विधवाहरूलाई शिकार बनाउन र टुहुरा-टुहुरीहरूका धन

लुट्नलाई तिनीहरूले यसो गर्छन्। ३ लेखा दिनुपर्ने दिन र टाढ़ाबाट आउने आपत्ति आउँदा तिमीहरू के गर्नेछौ? तिमीहरू सहायताको निम्ति कसकहाँ जानेछौ? तिमीहरू आफ्ना धनहरू कहाँ छोड्नेछौ? ४ कैदीहरूका साथसाथै खुम्चिनु र मारिएकाहरूका माझमा लोट्नुबाहेक अरू केही रहनेछैन। यतिमा पनि उहाँको रीस मरेको छैन, र उहाँको हात अझै माथि उठाइएकै छ।" र यर्मिया २:३४,३५ " ३४ तेरो वस्त्रमा गरीब निर्दोषहरूको जीवन-रक्त पुरुषहरूले भेट्टाउँछन्, यद्यपि तैंले तिनीहरूलाई घर फोरेर भित्र पसेका भेट्टाइनस्। ती सबै हुँदाहुँदै पनि ३५ तँ भन्छस्, 'म त निर्दोष छु। उहाँ मसित रिसाउनुहुन्न÷। तर, 'मैले पाप गरेकी छैनँ÷ भनी तैंले भनेको कारण म तेरो न्याय गर्नेछु।"

५. परमेश्वरको सामु चोखो, पवित्र वा शुद्ध धर्म

हामीहरूको मातहतमा रहेकाहरूलाई कस्तो व्यवहार गर्ने भन्ने महत्त्वपूर्ण नीतिहरू व्यवस्था २४:१०-१५मा कसरी कोरिएको छ? हेर्नुहोस् " १० आफ्नो छिमेकीलाई कुनै किसिमको ऋण दिँदा त्यसको धरौटी लिन तिमीहरू घरभित्र नपस। ११ तिमीहरू बाहिरै पर्ख, र असामीले नै धरौटी तिमीहरूकहाँ बाहिर ल्याइदिओस्। १२ त्यो मानिस गरीब छ भने त्यसको बन्धक राखेर तिमीहरू नसुत। १३ सूर्यास्तसम्ममा तिमीहरूले त्यो बन्धक फर्काइदिनू, र त्यो आफ्नो ओढ्नेमा सुतेर त्यसले तिमीहरूलाई आशीर्वाद दिओस्। अनि परमप्रभु तिमीहरूका परमेश्वरको नजरमा यो तिमीहरूका निम्ति धार्मिकता ठहरिनेछ। १४ तिमीहरूको इस्राएली भाइ होस् वा तिमीहरूका सहरहरूमध्ये कुनै एकमा आई बसेको परदेशी होस्, कुनै गरीब र दरिद्र ज्यालादारी नोकरबाट नाजायज फाइदा नउठाओ। १५ सूर्यास्तअघि नै प्रतिदिन त्यसको ज्याला दिइहाल्नू, किनकि त्यो एक गरीब हो र त्यो आफ्नो ज्यालामा नै भर परेको हुन्छ। नत्रता त्यसले तिमीहरूका विरुद्धमा परमप्रभुलाई पुकार्‍यो भने, तिमीहरूलाई पाप लाग्नेछ।"

मानव इज्जत, सम्मान र मर्यादाको आधारभूत चासो परमेश्वरले लिनुभएको माथिका पदहरूमा हामीले फेरि पाउँछौं। कसैले तपाईंलाई केही दिनुछ भने त्यो लिनु ठिकै छ। तर उसको मर्यादालाई त केही हदसम्म ख्याल गर्नुपर्छ वा उसको इज्जतलाई पनि सम्मान गर्नुपर्छ, पर्दैन त? उसकहाँ गएर कचकच गरेर अहिले नै चुक्ता गरिदेऊ भनेर दवाव नदेऊ रे? बरु बाहिर पर्खेर बस र ऊ आफैले आएर तिमीलाई देओस्। कुनै गरिबले उसको ओढ्ने

तपाईंकहाँ धितो राख्यो भने कमसेकम उसले त्यो राती ओढेर सुत्न दिनुपर्छ भनेर व्यवस्था २४:१२,१३ले आभास् दिन्छ। सजिलैसँग दवाउन सक्ने वा थिचोमिचो गर्नेलाई होस् वा कोही गरिब तपाईंको घरमा काम गर्न आयो भने उसलाई कस्तो व्यवहार गर्नुपर्छ भनेर अरू पदहरू बताउँदछ। शोषण नगर, आफू हाकिम छु वा सम्पन्न छु भन्दैमा उसलाई दवाएर, हेपेर, तल झारेर व्यवहार नगर्नु किनभने परमेश्वरका आँखाहरूको सामु त्यो पाप हो। कसैलाई मानिस नगनि व्यवहार गर्नु परमेश्वरको अगाडि गम्भिर पाप हो। मूर्तिपूजा, गलत बाटो र संस्कारमा हिँडिरहेका, दुष्ट र पापको ज्यादतिमा होमीरहेका वरिपरि छिमेकी देशका बासिन्दाहरूको अगाडि इस्राएल पवित्र जनहरू हुन् भनेर गवाही दिनुछ भने तिनीहरूले कमजोर, समाजबाट तिरस्कृत र पिडितहरूलाई दया देखाउनै पर्छ। नत्रभने तिनीहरूको धर्म वा तिनीहरूको मुखले गरेको प्रचार वा गवाही बेकारमा जानेछ।

याकूब १:२७-२:११ पढ्नुहोस्। व्यवस्थाको पुस्तकमा आफ्ना जनहरूलाई परमेश्वरले के भनिरहनुभएको थियो त्यो याकूबले कसरी प्रतिबिम्बित गर्दछन्? गरिबप्रति अन्याय गर्नु र दुर्व्यवहार गर्ने मामिलामा याकूबले दश आज्ञाहरूसँग गाँस्नुको अर्थ के छ? हेर्नुहोस्, " परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही होः अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु.... १ मेरा भाइ हो, प्रभु येशू ख्रीष्ट, महिमाका प्रभुमाथि तिमीहरूको विश्वास भएको हुनाले तिमीहरूले कुनै भेदभाव नदेखाओ। २ यदि कोही मानिस सुनका औंठीहरू र राम्रा-राम्रा लुगा लगाएर तिमीहरूको सभामा आयो, र कुनै एक जना गरीब पनि झुत्रे-झाम्रे लुगा लगाएर आयो भने, ३ तिमीहरूले त्यो राम्रो लुगा लाउनेलाई आदर गरेर, "यहाँ राम्रो ठाउँमा बस्नुहोस्" भन्छौ, र त्यस गरीबलाई चाहिँ "तँ त्यहीं उभि" अथवा "मेरा पाउनेर बस्" भन्छौ भने, ४ के तिमीहरूले आफ्नै बीचमा भेदभाव देखाएनौ, र कुविचार भएका न्यायकर्ता भएनौ र? ५ मेरा प्रियहरू, सुन, के परमेश्वरले संसारका गरीबहरूलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र? यहि राज्य उहाँलाई प्रेम गर्नेहरूलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र? ६ तर तिमीहरूले त गरीब मानिसको अपमान गरेका छौ। के धनीहरूले तिमीहरूलाई अत्याचार गर्दैनन् र? के तिनीहरूले तिमीहरूलाई अदालतमा लाँदैनन् र? ७ के तिनीहरूले त्यही आदरणीय नाउँको अपवाद गर्दैनन् र, जुन नाउँद्वारा तिमीहरूलाई बोलावट भएको छ? ८ यदि "आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर" भन्ने पवित्र-धर्मशास्त्रको राजकीय

व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। ९ यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ। १० किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। ११ किनकि जसले "व्यभिचार नगर्" भन्नुभयो, उहाँले "हत्या नगर्" पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ। १२ यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस्। १३ किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ। कृपा न्यायमाथि विजयी हुन्छ।"

दश आज्ञाहरूमा धनीलाई राम्रो मिजासँग व्यवहार गर्ने तर गरिबलाई पक्षपात गरेर हेप्ने नीति नलेखिएतापनि ती आज्ञाहरू कठ्ठर भएर विधिपूर्वक पालन गर्ने तर गरिब वा आवश्यकता भएकोलाईचाहिँ हेप्ने वा दुर्व्यवहार गर्ने बानीले परमेश्वरलाई विश्वास गर्छु वा दश आज्ञा पालन गर्छु भन्ने दाबीको नै खिल्ली उडाइरहेको हुन्छ। छिमेकीलाई आफूजस्तो प्रेम गर्नु भनेको परमेश्वरको व्यवस्थालाई उच्चस्तरमा व्यक्त गर्नु हो। चाहे याकूबको समयमा होस् वा मोशाको समयमा होस् वा पवित्र भूमि इस्राएलमा बसोबास गर्ने इस्राएलीहरूको निम्ति होस् वा आज हामीलाई होस्, त्यो आदर्शनीति समयसापेक्षित वा वर्तमान सत्य हो।

हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू दश आज्ञाको गरिमालाई पालन गर्छौं र गम्भिरतापूर्वक उचाल्छौं, तर त्यसैवखत याकूबको पुस्तकमा र व्यवस्थाको पुस्तकमा व्यक्त गरेका नीतिहरूप्रति हामी गम्भिर भएर कसरी चल्ने? याकूबको भनाइ अनुसार परमेश्वरको व्यवस्थालाई पालन गर्दा हामीहरूका वरिपरि रहेका गरिब र आवश्यकताहरूको सेवा गर्न त्यसले झन कसरी बल पुऱ्याउँछ।

उपसंहारः

थप जानकारीः हामीलाई यो कल्पना गर्न गाऱ्हो छः दाउद र सोलोमन राजा भएको इस्राएल राष्ट्रको स्वर्ण युगमा र परमेश्वरले आशिष दिनुभएको जनहरूको बीचमा गरिब, पिडित, असहाय, अन्य जाति भनेर हेपिएका र पिछडिएका, कुजात पानी नचल्ने भनेर पन्छाएका र दविएका मानिसहरू थिए।

ई.पू. ७६०-७५५ अर्थात् राजा जेरोबाम दोस्रो र उज्जायाह राजाहरूको समयमा रहेका इस्राएलका जनहरूले परमेश्वरको व्यवस्थालाई तोड्दा र

मानिसहरूलाई थिचोमिचो गर्दा उहाँको आक्रोश परमेश्वरले अगमवक्ता आमोसद्वारा यसरी व्यक्त गर्नुभएको थियोः "७ न्यायलाई तीतो बनाउने र धर्मलाई माटोमा मिलाउने तिमीहरू हौ। ८ (किरकिटी र मृगशिरा तारा-समूहलाई सृजनुहुने, र घोर अन्धकारलाई प्रभातकालको उज्यालोमा परिवर्तन गर्नुहुने, दिनलाई अँध्यारो पारेर रात बनाउनुहुने, जसले समुद्रको पानीलाई बोलाउनुहुन्छ र त्यसलाई जमिनमा खन्याउनुहुन्छ— उहाँको नाउँ परमप्रभु नै हो। ९ उहाँले बलियाको विरुद्ध एक्कासि सर्वनाश ल्याउनुहुन्छ, र किल्लाबन्दी गरिएको सहर नाश गर्नुहुन्छ), १० *न्यायालयमा बसेर हप्काउनेलाई तिमीहरू घृणा गर्छौ, र सत्य बोल्नेलाई पनि तिमीहरू घृणा गर्छौ।* ११ *तिमीहरू कङ्गालीलाई कुल्चन्छौ, र अन्न दिन तिनीहरूलाई करकाप गर्दछौ। यसैकारण ढुङ्गाका ठूला-ठूला घरहरू तिमीहरूले बनाए तापनि तिमीहरू तिनमा बस्नेछैनौ।* तिमीहरूले लहलहाउँदो दाखबारी लगाए तापनि तिमीहरूले तिनका दाखमद्य पिउनेछैनौ। १२ *किनकि म जान्दछु, तिमीहरूका दोषहरू कति धेरै छन्, र तिमीहरूका पाप कति ठूला छन्। तिमीहरू धर्मात्माहरूलाई सताउँदछौ र घूस लिन्छौ। न्यायालयमा गरीबहरूलाई न्यायदेखि वञ्चित गर्छौ।* १३ यसैकारण बुद्धिमान् मानिस यस्तो समयमा चूप लागिरहन्छ, किनकि समय खराब छ" (आमोस ५:७-१३)। ई.पू. करिब आठौं शताब्दी परमेश्वरका प्रखर अगमवक्ता यशैयाले पनि त्यस्तै खालको आक्रोस इस्राएली अगुवा र धर्मगुरुहरूप्रति पोखेका थिएः "१३ परमप्रभु न्यायालयमा आफ्नो स्थान लिनुहुन्छ, आफ्नो प्रजाको इन्साफ गर्नलाई उहाँ उठ्नुहुन्छ। १४ आफ्ना प्रजाका धर्म-गुरुहरू र शासकहरूका विरुद्धमा परमप्रभुले न्याय गर्नुहुन्छ। *"मेरो दाखबारी नष्ट पार्ने तिमीहरू नै हौ। गरीबहरूलाई लुटेका माल तिमीहरूकै घरमा छन्। १५ तिमीहरूले मेरा प्रजालाई दबाएको र गरीबहरूका अनुहारलाई पिँधेको मतलब के हो?" प्रभु, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ"* (यशैया ३:१३-१५)।

चिन्तनमननः

अ. मिश्रदेशमा आफूहरू पनि परदेशी, प्रवासी र हेपिएका जनहरू भएर बसेका थिए भनेर इस्राएलीहरूले याद गरिरहनु जरुरी थियो। त्यो याद तिनीहरूले समाजमा रहेका तिरस्कृत, गरिब, तल्लो स्तरका मानिसहरूलाई गर्ने व्यवहारबाट देखाइनुपरेको थियो। तिनीहरूलाई मिश्रमा कस्तो व्यवहार

तिनीहरूमाथि गरेको तिनीहरूले चाहेका थिए त्यस्तै व्यवहार समाजका ती पिछडिएका वर्गहरूलाई व्यवहार गर्नुपर्दथ्यो। यो धारणासँग सुसमाचारको सत्य सन्देशसँग कसरी मिल्दछ? हामी पनि येशूको रगतले पापको दासत्वबाट उम्किएका छौं जसरी इस्राएलीहरू मिश्र देशबाट उम्किए। यो सत्यलाई आत्मसात गर्दा वा येशूले हामीलाई के गर्नुभयो त्यस ज्ञानको प्रभावले समाजका विशेष गरेर असहाय वर्गलाई हामीले करुणा, दया देखाउनु किन जरुरी छ?

आ. यो सोच्नुहोस्। हामीले ठिक दिन वा साबथ दिनमा परमेश्वरको आराधना गर्छौं, मृत्यु, नर्क, पशुको छाप जस्ता सत्य शिक्षादीक्षा आदिलाई हामी बुझ्छौं। त्यो सबै ठीक त छ। तर हामीसँग रहेका अरूहरूलाई हेपेर, कमजोरीहरूलाई दमन गरेर वा तिनीहरूबाट फाइदा उठाएर, शोषण गरेर, आफू अगुवा हुँ भनेर फुर्ती देखाउँदै अरूलाई निच ठानेर व्यवहार गऱ्यौं वा आवश्यक भएको बेलामा न्यायोचित ढँगले न्याय गरेनौं भने ती सबै सत्यहरूको ज्ञान हामीमा हुनुको के फाइदा छ र? अरूको बारेमा सोच्दा हामी विशेष ध्यान दिनुपर्दछ। धर्मको ज्ञान लिने वा भेष ओढ्ने तर अरूलाई मानिस नगन्ने संसारका मानिसहरूको चालचलन वा मनस्थितिको धरापबाट हामी कसरी जोगिने?

इ. "मानव अधिकार" भनेर सम्बोधन गर्ने कदममा हाम्रो भूमिका के हुनुपर्छ?

कथा ५
स्वादिलो सुसमाचारीय सन्देश
हेसगावा हारुवेह, ६५, जापान

जापानमा स्वस्थ खानाको परिकार बनाएर ख्वाउने रेस्टुराँ खोल्न मलाई असाध्यै मन लागेको थियो। जापानीहरू स्वस्थ भएको म हेर्न चाहन्थें। जब म अमेरिकाको अल्बामा राज्यमा शरीरलाई स्वस्थ बनाउने एडभेन्टिस्ट संस्थाको कार्यक्रममा भाग लिएँ, तब म स्वस्थ भएको थिएँ। मेरो श्रीमान क्यान्सरले पीडित भएका थिए। अरू कुनै उपचारले काम नगरेपछि उहाँको उपचारको निम्ति हामी जापानबाट अल्बामामा गयौं। म सेभेन्थ-डे एडभेन्टिस्ट थिएँ। अल्बामामा एडभेन्टिस्ट डाक्टरहरूले स्वास्थ आश्रयमा बिरामीहरूलाई स्वस्थ बनाउने काममा सक्रिय रहेको मैले सुनेको थिएँ। यदि मेरो श्रीमानलाई त्यहाँ लगें र उपचार गरे उनलाई क्यान्सरबाट केही राहत होला कि भन्ने मेरो आशा थियो। मेरो श्रीमान येशूलाई विश्वास गर्दैनथे।

त्यस ठाउँमा हामीले दुध, दही, अन्डा र मासुरहित शुद्ध शाकाहारी खाना खान थाल्यौं, र हामीले नियमितरूपमा व्यायाम पनि गऱ्यौं। हाम्रो शरीरमा बिस्तारै परिवर्तन आउन थाल्यो। मेरो मोटोपना पनि घट्यो। मेरो श्रीमानले चुरोट पिउन पनि छोडे। उनले बाइबल पनि पढ्न थाले, र त्यही संस्थामा बप्तिस्मा पनि लिए। तर बप्तिस्मा लिएको एक हप्तापछि मेरो श्रीमानको देहान्त भयो। उहाँ केवल ५६ वर्षकोमात्र हुनुहुन्थ्यो। मलाई धेरै दुःख लागेको थियो, तर हामी स्वर्गमा भेट्नेछौं भनेर विश्वास गरेको कारणले म खुशी पनि थिएँ। जब म जापान फर्कें, र मैले कति पैसा जोगाएको छु भनेर लेखाजोखा गरें। मेरो जीवन निर्वाह गर्न मलाई पैसा पुग्छ भनेर मैले महसुस गरें। मसँग भएको पैसाले जापानमा सुसमाचार फैलाउन चाहेको थिएँ। जापानमा केवल एक प्रतिशतमात्र इसाई छ। त्यसकारण, मैले प्रार्थना गर्न थालें, "हे प्रिय प्रभु, म अब के गरुँ?"

एक दिन, मेरो उपासनामा मैले यशैया ५५:१३ पढें। त्यस पदमा लेखिएको छ, "तब काँढ़ाको सट्टा सल्लो, सिउँड़ीको सट्टा असारे-फूलको रूख उम्रनेछ। त्यो परमप्रभुका ख्यातिको निम्ति हुनेछ। त्यो कहिल्यै नष्ट नहुने सदासर्वदाको चिन्हको निम्ति हुनेछ।"

त्यस क्षणमा, मैले रेस्टुरेन्ट खोल्नुपर्छ भन्ने चाहना भयो। म अल्बामामा स्वस्थ जीवन हासिल गरेको जस्तै मेरा जापानी मानिसहरू पनि स्वस्थ र खुशी भएको म हेर्न चाहन्थें। तिनीहरूको मन जितेर तिनीहरूलाई येशूतिर औंल्याउन सक्नेहुन्छु कि भन्ने कुरो मेरो मनमा जागेको थियो।

त्यही दिन म घरबाट बाहिर निस्केर हिँडे। मेरो घर टोकियो सहरको बाहिर थियो। त्यसबेला कसैले जमिन बेच्न त्यस जमिनमाथि विज्ञापन राखेको मैले देखें। यो एकदम उपयुक्त ठाउँ थियो। त्यस ठाउँको नजिक तीनवटा एडभेन्टिस्ट चर्चहरू थिए। मैले त्यो जमिन रेस्टुरेन्ट बनाउन किनें।

तर इमान्दारीपूर्वक भन्ने हो भने, मलाई रेस्टुरेन्टको बारेमा केही पनि थाहा थिएन। शाकाहारी परिकार बनाउने एडभेन्टिस्ट स्कूलमा भर्ना भएँ, र त्यसबाट मैले केही परिकारहरू सिकें। अनि मैले आफ्नै तरिकाले रेस्टुरेन्टको निम्ति खाना परिकारहरू सृजना गरें।

रेस्टुरेन्ट उद्घाटन गर्ने दिनमा धेरै मानिसहरू जम्मा भए। तर भित्रचाहिँ त्यस्तो व्यवस्थित थिएन, किनकि रेस्टुरेन्ट कसरी चलाउनुपर्छ भन्ने ज्ञान मसँग थिएन। एक दिन बेलुका खान आउने ग्राहकले एक जना व्यक्तिको बारेमा मलाई सुनायो। त्यो ग्राहक बिमा संस्थानको भूतपूर्व कर्मचारी थियो। नजिकको रेस्टुरेन्टको साहुनीसँग सल्लाह माग्न उसले सुझाव दियो। ग्राहको सल्लाह अनुसार म त्यस रेस्टुरेन्टको साहुनीकहाँ गएँ र उनको सरसल्लाह मागें। उनले मलाई धेरै सहयोग गरिन्।

व्यापार राम्रैसँग चलेको छ। टोकियो क्षेत्रमा केहीमात्र शाकाहारी रेस्टुरेन्टहरू छन्, तिनीहरूमा मेरो मर्टल रेस्टुरेन्ट पनि एक हो। म बिहान बीमा कम्पनीमा काम गर्दछु। त्यसपछि बिहान ११ बजे रेस्टुरेन्टमा जान्छु, र दिउँसो दुई बजेसम्म ग्राहकहरूलाई दिउँसोको खाना ख्वाउने काम गर्छु। अनि फेरि, मेरो काममा म फर्किन्छु। साबथमा रेस्टुरेन्ट त बन्द नै रहने भयो। रेस्टुरेन्टको मूख्य लक्ष्य भनेकै मानिसहरूलाई येशूतिर डोऱ्याउनु हो। एलेन जी ह्वाइटले भन्नुभएको छ, "हाम्रा रेस्टुरेन्टहरू सहरमा हुनै पर्छ, नत्र भने ती रेस्टुरेन्टहरूमा काम गर्नेहरू मानिहरूकहाँ जान सक्दैन, र ठिक तथा उचित जीवन बिताउने नीतिहरू तिनीहरूलाई सिकाउन सक्दैनन्" (सेलेक्टेड मेसेजेज, ठेली २, पृ. १४२बाट रूपान्तरित)।

त्यसैकारण, मैले रेस्टुरेन्ट सुरु गरें। यो परमेश्वरको रेस्टुरेन्ट हो। यसलाई संचालन गर्न परमेश्वरले नै मलाई सहयोग गरिरहनुभएको छ। यसको साहु येशू हुनुहुन्छ।

-हासेगावा हारुवेहले आन्ड्र्यु मेकचेस्नेलाई सुनाएको अनुसार